# इलाम नगरपालिका

# इलाम नगरपालिकाको राजपत्र

**खण्ड : ६ सङ्ख्या : ८ मिति : २०७९।८।८**

**भाग २**

**इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिका, बाल अधिकार संरक्षण तथा सम्वर्द्धन (पहिलो संशोधन) कार्यविधि, २०७९ सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।**

## इलाम नगरपालिका, बाल अधिकार संरक्षण तथा सम्वर्द्धन (पहिलो संशोधन) कार्यविधि, २०७९

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।८।८**
**प्रमाणीकरण मिति : २०७९।८।८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इलाम नगरपालिकाको कार्यपालिकाबाट मिति २०७७।१२।५ मा स्वीकृत इलाम नगरपालिका, बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७७ कार्यान्वयन भइरहेको सन्दर्भमा कार्यविधिलाई थप व्यवस्थित गर्नका लागि सो कार्यविधिमा निम्नानुसार संशोधन गर्न बाञ्छनीय भएकोले **इलाम नगरपालिका, बाल अधिकार संरक्षण तथा सम्वर्द्धन (पहिलो संशोधन) कार्यविधि, २०७९,** नगर कार्यपालिकाको मिति २०७९।८।८ को निर्णयबाट जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस नियमावलीको नाम **इलाम नगरपालिका, बाल अधिकार संरक्षण तथा सम्वर्द्धन (पहिलो संशोधन) कार्यविधि, २०७९,** रहेको छ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **दफा १४ (१) (क)** उपप्रमुख

३. **दफा १४(२)** उपदफा (१) को खण्ड (ग), (छ) बमोजिमको सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (छ) बमोजिम सदस्यमा मनोनयन हुनको लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछ :
(क) नेपाली नागरिक,
(ख) पच्चिस वर्ष उमेर पूरा भएको,
(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा कक्षा १२ उत्तीर्ण गरेको
(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर, संगठित अपराध, बालबालिका विरुद्धको कसुर, बाल अधिकार हनन वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय नपाएको,
(ङ) मनोनित हुँदाको बखत राजनीतिक दलको सदस्य नरहेको।

आज्ञाले
गणेशकुमार खड्का
प्रमुन प्रशासकीय अधिकृत